# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्यूठान
५ नं. प्रदेश, नेपाल


प.सं. :- २०७७/०७८
च.नं.

मिति :- २०७७/०६/१३

बिषयः व्यवसाय दर्ता/ नविकरण सम्बन्धि जरुरी सूचना ।

नेपाल लगाएत विश्वमा महामारीका रुपमा फैलिएको कोरना भाईरस कोभिड-१९ का कारण लामो समय सम्म लकडाउन भई व्यापार व्यवसाय ठप्प भएकोले चालु आ.व मा यस गाउँपालिकामा व्यवसाय दर्ता र नविकरण गर्न बाकी रहेका फर्म व्यवसायी/संस्थाले आ.व.२०७७ सालको पहिलो चौमासिक श्रावण १ गते देखी कार्तिक मसान्त सम्म व्यवसाय दर्ता /नवीकरण गरेमा सो मा लाग्ने शुल्क /दस्तुरमा २५ प्रतिशत छुट दिने सरुमारानी गाउँपालिकाको आर्थिक ऐन २०७७ मा स्वीकृत भएको हुदा नयाँ फर्म ,व्यवसाय दर्ता र नवीकरण गर्न छुट भएका सबै व्यवसायीहरुले व्यवसाय दर्ता एवं नवीकरण गर्नु हुन यो सुचना प्रकाशन गरिएको छ ।साथै व्यवसाय दर्ता गर्न आवश्यक कागजातहरु तपशिल वमोजिम भएको व्यहोरा जानकारी गराइन्छ ।

<u>तपशिल</u>

१. व्यवसायीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी
२. जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी
३. जग्गाधनीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी
४. चालु आ.व.मा मालपोत तिरेको रसिदको प्रतिलिपी
५. अरुको जग्गा वा घरमा व्यवसाय गर्ने भए वहालको संझौता पत्र
६. घरेलु उद्योग पशुपंक्षी पालन कुटानी ,पिसानी, मिल मदिराजन्य कारोवार चारकिल्ला मुचुल्का
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
८. अन्य कुनै निकायमा दर्ता गरेको भए सो को प्रतिलिपी
९. सम्बन्धित व्यक्तीको निवेदन र २ प्रति फोटो
१०.उल्लेखित व्यवसाय वाहेकको हकमा प्रचलित कानुन अनुसारको कागजात पेश गर्नु पर्ने छ।

..........................
०७७/०६/१३
अमर बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत